आज मिति २०८०।१०।१६ गते यस कपुरकोट गाउँ कार्यपालिकाको १०६ औं बैठक गाउँपालिकाका अध्यक्ष श्री दुर्गा बहादुर पुनज्यूको अध्यक्षतामा पालिकाको बैठक कक्षमा बसी तपसिल बमोजिमको उपस्थितिमा तपसिल प्रस्तावहरु माथि छलफल गरि निर्णयहरु गरियो ।

उपस्थिति:

| क्र.सं. | पदाधिकारीको नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री दुर्गा बहादुर पुन | अध्यक्ष | |
| २ | श्री प्रकाश भरारी | सदस्य | |
| ३ | श्री बालाराम खड्का | सदस्य | |
| ४ | श्री ईश्वर बुढा | सदस्य | |
| ५ | श्री प्रदिप खड्का | सदस्य | |
| ६ | श्री मित्रलाल कठायत | सदस्य | |
| ७ | श्री होम बहादुर खड्का | सदस्य | |
| ८ | श्री श्यामकृष्ण बोहरा | सदस्य | |
| ९ | श्री राधिका यरी | सदस्य | राधिका |
| १० | श्री अनिता पुन | सदस्य | |
| ११ | श्री तिला बुढाथोकी रोका | सदस्य | |
| १२ | श्री विमल कामी | सदस्य | |
| १३ | श्री रेवती सुनार | सदस्य | रेवती |
| १४ | श्री तिला कुमारी कामी | सदस्य | तिला |
| १५ | श्री भरत कुमार वली | सचिव | |

आमन्त्रित:

श्री खगेन्द्र बहादुर शाही - प्रशासन अधिकृत
श्री विष्णु प्रसाद आचार्य - लेखापाल
श्री ~~केशव सिंह खड्का~~ विर बहादुर चौधरी - का स

<u>कपुरकोट गाउँपालिकाको मिति २०८०।१०।१६ गतेको १०६ औं गाउँ कार्यपालिका बैठकका कार्यसुचिहरु:</u>

१. संसोधित नीति तथा कार्यक्रम स्वीकृत गर्ने सम्वन्धमा ।

२. संसोधित वार्षिक वजेट तथा कार्यक्रम स्वीकृत गर्ने सम्वन्धमा ।

३. विषयगत समितिका निर्णयहरु अनुमोदन गर्ने सम्वन्धमा ।

४. समिक्षा प्रतिवेदन अनुमोदन गर्ने सम्वन्धमा ।

५. हालसम्मका कार्यविधिहरु स्वीकृत गर्ने सम्वन्धमा ।

१२. विविध ।

२०८०/१०/१८

प्रमुख प्रशासकीय अधिकृत

कपुरकोट गाउँपालिकाको मिति २०८०।१०।१६ गतेको १०६ औं गाउँ कार्यपालिका बैठकका निर्णयहरु:

१. गाउँसभाका सभाअध्यक्षज्यूले पेश गर्नुभएको संसोधित आ व २०८०।०८१ को नीति तथा कार्यक्रम स्वीकृत गरी गाउँसभामा अनुमोदनका लागि पेश गर्ने ।

२. गाउँसभाका उपाध्यक्षज्यूले पेश गर्नुभएको आ व २०८०।०८१ को संसोधित वार्षिक बजेट तथा कार्यक्रम स्वीकृत गरी गाउँसभामा अनुमोदनका लागि पेश गर्ने ।

३. कार्यपालिकाको सिफारिस अनुसार कार्यपालिका मातहतका विभिन्न विषयगतका ( न्यायीक समिति, विपद व्यवस्थापन समिति, सामाजिक विकास समिति, आर्थिक विकास समिति, पूर्वाधार विकास समिति, विद्येयक समिति, सुशासन तथा संस्थागत क्षमता विकास समिति) र अन्य समितिका (पदपूर्ति समिति अनुमगन समिति योजना तथा जाँचपास समिति जलश्रोत समिति विपन्न नागरिक सहायता सिफारिस मिति ) हाल सम्मका सम्पूर्ण निर्णयहरु अनुमोदन गर्ने ।

४. यस कपुरकोट गाउँपालिकाको आ व २०८०।०८१ को हालसमको समिक्षा गर्दा हाल सम्मको कार्य प्रगति सन्तोषजनक रहेको र आगामी दिनमा अझै सुधार गरेर लैजाने गरि समिक्षा प्रतिवेदन अनुमोदन गर्ने ।

५. गाउँ कार्यपालिकाले यो आ व मा स्वीकृत गरेका सम्पूर्ण कार्यविधिहरु अनुमोदनका लागि गाउँसभामा पेश गर्ने ।

६. कपुरकोट जागरण अभियानलाई अझै प्रभावकारी बनाउन सम्पूर्ण जनसमुदायलाई आह्वान गर्ने ।

७. आ व २०७९।०८० को कार्यसम्पादनका आधारमा जिल्ला समन्वय समिति सल्यानले गरेको वार्षिक समिक्षामा जिल्लामा सर्वोत्कृष्ट, स्थानीय तह संस्थागत क्षमता स्वमुल्यांकन LISA मा जिल्लामा प्रथम र स्थानीय तह वित्तिय सुशासन जोखिम मुल्यांङ्कन FRA मा उत्कृष्ट अंक सहित कर्णाली प्रदेश र नेपालभरका स्थानीय तहहरुमा कपुरकोट गाउँपालिका उत्कृष्ट भएकोमा यस कार्यमा खटिने प्रमुख प्रशासकीय अधिकृत सहित सम्पूर्ण कर्मचारीहरु, जनप्रतिनिधीहरु र सम्पूर्ण महानुभावहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दै १४ गाउँ सभामा सम्पूर्ण कर्मचारीहरुको तर्फबाट सम्मान प्रदान गर्ने ।

८. यस अघिका गाउँ कार्यपालिकाको बैठकमा म्याद थप नगर्ने भनि निर्णय भएका लघुउद्दम विकास सहजकर्तालाई सम्वन्धीत कार्यविधि अनुसारको सुविधा हुने गरि कार्यसम्पादन सम्झौता आगामी २०८१ असार मसान्त सम्म गर्ने र यस भन्दा अघिको गाउँ कार्यपालिकाले निर्णय गरिसकेका करार कर्मचारीहरु बाहेकका अन्य म्याद थपका लागि आवेदन पेश गरेका करार सेवाका कर्मचारीहरुको करार सम्झौता २०८१ असार मसान्त सम्म कायम गर्ने ।

निर्णय प्रमाणित

२०८०/१०/१६

CamScanner